# हंसपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ९ मिति : २०७९/०३/२५

भाग-१

## हंसपुर नगरपालिका

# स्वास्थ्य ऐन, २०७९

आज्ञाले,

केशव कुमार अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

# हंसपुर नगरपालिका
## स्वास्थ्य ऐन, २०७९

प्रस्तावना :

हंसपुर नगरपालिकामा रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुद्वारा प्रदान गरिने सेवालाई सक्षम, सुदृढ, सेवा मूलक र जनउत्तरदायी बनाउन हंसपुर नगरपालिकाले यो ऐनको निर्माण गरेको छ ।

### परिच्छेद-१

प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "हंसपुर नगरपालिका स्वास्थ्य ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "ऐन" भन्नाले हंसपुर नगरपालिकामा रहेका सम्पूर्ण स्वास्थ्य सेवा प्रदायक संस्थाको उचित व्यवस्थापनका लागी गरीएको हँसपुर नगरपालिका स्वास्थ्य ऐन, २०७९ सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले हंसपुर नगरपालिकालार्य सम्झनुपर्छ ।

(ग) "विभाग" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनुपर्छ ।

(घ) "स्थानीय कानुन" भन्नाले हंसपुर नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनुपर्छ ।

(ङ) "समिति" स्वास्थ्य संस्थाहरुलाई नियमन गर्न र सहज रुपमा सन्चालन गर्नका लागी नगरपालिकाद्वारा गठन भएको समितिलाई सम्झनुपर्छ ।

३. विभागको कर्तव्य र अधिकार :

आम नागरिकको नैसर्गिक अधिकारमा पर्ने स्वास्थ्य सेवामा सम्पूर्ण नागरिक को पहुचमा सहज हुनुपर्ने ।

(क) स्वास्थ्य सँग सम्वन्धित समाजमा आइपर्न सक्ने कुनै पनि किसिमका प्रकोपहरु वाट जोगिन पूर्वाधार तयार गर्ने तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी आईपर्ने सक्ने क्षतिलाई न्युनिकरण गराउने ।

(ख) स्वास्थ्य विमा कार्यक्रमको तर्जुमा गरी स्वास्थ्य क्षेत्रमा सरकार मार्फत प्राप्त हुने अनुदानको सहज पहुँचको माहोल सिर्जना गराउने ।

(ग) परम्परागत स्वास्थ्य उपचार पद्धतिमा यथाशिघ्र सुधार गराई आधुनिक सुधार गराई आधुनिक स्वास्थ्य उपचार पद्धति मार्फत जनजीवन सुधारको मार्गमा नगरलाई उन्मुख गराउने ।

(घ) विश्व स्वास्थ्य सङ्गठन तथा नेपाल सरकार स्वास्थ्य मन्त्रालयले निर्धारण गरे अनुरुपको स्वास्थ्य मापदण्ड पालन गर्ने तथा गराउने ।

(ङ) आवश्यकता अनुसार स्वास्थ्य संस्थामा समिति गठन गरी कार्य सम्पादनमा सहजता प्रदान गर्ने ।

(च) यस ऐनको उद्देश्य प्राप्तिका लागी अन्य आवश्यक कार्य गर्ने गराउने ।

(छ) नेपाल सरकार, प्रदेश सरकारद्वारा जारी स्वास्थ्य सेवा ऐन अन्तर्गत यहि स्वास्थ्य सेवा पुऱ्याउने ।

४. समितिको कार्यविवरण र कार्यसम्पादनः

(क) स्वीकृत सङ्गठन संरचनाको आधारमा स्वास्थ्य संस्थाहरुको विभागमा रहने कर्मचारीको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र कामको लागि तोकिएको पदको स्पष्ट कार्यविवरण स्वीकृत गरी लागु गर्नु पर्नेछ ।

(ख) स्वास्थ्य सँग सम्वन्धित प्राथमिकताका सम्पूर्ण सामग्रीहरु स्वास्थ्य संस्थाहरुले समयमा नै व्यवस्थापन गर्न नगरपालिका सँग समन्वय गर्नु पर्नेछ ।

(ग) स्वास्थ्य नै सवै भन्दा ठूलो धन हुनाले सम्पूर्ण नगरवासी लाई प्राप्त गर्न पायक पर्ने वातावरण सिर्जना गर्नु पर्नेछ ।

(घ) स्वास्थ्य संस्थाहरुले जनता माझ आफ्नो सेवाको उपलव्धताको अनुभुती गराउन वेलावेला नगरपालिकाको समन्वयमा घरदैलो स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

आ

(ङ) स्वास्थ्य संस्थाले जनताको आर्थिक अवस्थालाई ध्यानमा राख्दै नेपाल सरकारद्वारा नि:शुल्क गरीएका औषधिहरुको उपलब्धता पर्याप्त गराउन विभाग सँग समन्वय गर्दै जनताको स्वास्थ्य स्तर सुदृढ गराउनमा पहल गर्नु पर्नेछ ।

(च) सेवामुलक मात्र नभई जनचेतनामुलक स्वास्थ्यका कार्यक्रम सञ्चालन गरी जनहितका लागी विभिन्न तालिमहरु सुचारु गर्नुपर्नेछ ।

(छ) स्वास्थ्य सेवालाईव्यवस्थित बनाउन स्वास्थ्य संस्थाहरुमा विभिन्न आवश्यक नियमहरु बनाई नगरपालिका सँग समन्वय गरी लागु गर्नु पर्नेछ ।

(ज) विभिन्न किसिमका सरुवा तथा दिर्घ रोग बाट बच्न नियन्त्रण गर्न आवश्यक पर्ने प्रावधानहरु व्यवस्थापन गर्नु पर्नेछ ।

(झ) गाउँगाउँमा स्वास्थ्य सेवाको पहुँच बढाउन महिला स्वास्थ्य स्वयं सेविकाहरु सँगको सहकार्यमा जोड दिनु पर्नेछ ।

(ञ) जनतालाई स्वास्थ्य सेवा शुलभ हुने अनुरुपको सेवा शुल्क निर्धारण गर्ने तथा उक्त कार्य सञ्चालनका लागी पहल गर्नु पर्नेछ ।

५. **उपसमिति गठन गर्न सक्ने:**

नगरपालिकाले स्वास्थ्य सम्वन्धि कुनै पनि काम गर्न तथा गराउन आवश्यकता अनुसार सम्वन्धित विशेषज्ञ व्यक्तिहरु समेत रहेको उपसमितिहरु गठन गर्न सक्नेछ ।

६. **निर्देशन दिन सक्ने :**

हंसपुर नगरपालिकाको कार्यालयले यस ऐनको कार्यान्वयन गर्ने सम्बन्धमा स्वास्थ्य विभाग अन्तर्गतको समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

७. **ऐन बमोजिम हुने :**

यस ऐनमा लेखिए बमोजिमका कुरा लेखे अनुरुप हुने साथै यस ऐनमा उल्लेख नभएका कुरा नगरप्रमुखको निर्णय अनुसार हुनेछ ।

८. **नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न तथा गराउन नियम बनाउने अधिकार नगरपालिकाको कार्यालय अन्तर्गत नगर प्रमुखमा रहनेछ ।